
बाल सन्दर्भ सामग्री – १४

# बाइस पाटन त्रिपन्न ताल



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# बाइस पाटन त्रिपन्न ताल



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

लेखन
तेजप्रकाश श्रेष्ठ
शारदा अधिकारी

चित्राङ्कन कर्ता
गङ्गाधर शारु

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।


वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | कौशिका र कोकासँगै रमाउँछ .... | ५ |
| २. | पूर्वको पशुपति | ९ |
| ३. | आहा ! क्या राम्रो मूर्ति | १५ |
| ४. | गोसाइँकुण्ड | २० |
| ५. | क्या रमाइलो ! देवघाट धाम | २५ |
| ५. | साँच्चै ! स्वर्ग जाने ढोका नै हो स्वर्गद्वारी | ३२ |
| ६. | बाइस पाटन त्रिपन्न तालको खप्तड | ३६ |

# कौशिका र कोकासँगै रमाउँछ वराह क्षेत्र

– तेजप्रकाश श्रेष्ठ



"काका कथा भन्नुहोस् न !" प्रवीणाले भनिन् । "आउँदैन ।" म पन्छिन खोजेँ । बिदाको दिन घाम ताप्नु नै मज्जा आइरहेको थियो । "नाइँ भन्नोस् न !" सानी प्रवीणा झिज्याउन थाली अरू केटाकेटी पनि मेरो वरिपरि झुम्मिए ।

"म कथा त भन्दिन ! बरु हाम्रो देशको एउटा सम्पदाका बारेमा भन्छु, हुन्छ ?" मैले सोधेँ ।

"सम्पदा भनेको के हो नि काका ?" कविनाले सोधिन् ।

"म भन्छु, सुन । सम्पदा भनेको धन हो, सम्पत्ति हो । देशको सम्पदा भनेको देशको सम्पत्ति हो । देशको प्राकृतिक, धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलहरू नै देशका सम्पदा हुन्छन् ।" मैले कुरा बुझाउन खोजेँ ।

"आज कुन सम्पदाका बारेमा भन्ने त, काका ?" नविनाले जिज्ञासा लिइन् ।

"आज वराह क्षेत्रका बारेमा भन्छु, हुन्छ ?" मैले सबैको विचार जान्न खोजेँ ।

"हुन्छ" ! सबै पलेँटी कसेर सुन्न बसे ।

"वराह क्षेत्र एउटा पवित्र धार्मिक स्थल हो । यो प्राकृतिक सम्पदा पनि हो । यो हाम्रो देशको कोसी अञ्चलको सुनसरी भन्ने जिल्लामा पर्छ । यो वराहकुट पर्वतको फेदीमा छ । यो सप्तकोसी र कोका नदीको कलकल आवाजमा रमाएको छ ।"

"खुबै राम्रो छ क्यारे !" नविना बिचैमा बोलिन् ।

"किन छैन त ? सारै राम्रो छ । एकातर्फ सप्तकोसी बगेको छ, अर्को तर्फबाट कोका नदी, निलो पानी बगिरहेको हेर्न सारै रमाइलो हुन्छ । ठुला ठुला पहाडको खोँचमा रहेको वराह क्षेत्र साँच्चै राम्रो छ । हरियो वन जङ्गलले अझै राम्रो तुल्याएको छ। त्यहाँ माघ महिनाभरि मेला लाग्छ। माघे सङ्क्रान्तिको दिनमा त टाढा टाढाबाट पनि मानिसहरू आएर मेला भर्छन् । स्नान गर्छन् र वराह भगवान्को दर्शन गर्छन् । बुझ्यौ ? स्वयम् भगवान् वराहलाई पनि सारै मन परेको ठाउँ हो त्यो । त्यसमा पनि भगवान् विष्णुले पृथ्वीको उद्धार गर्न वराहको रूप यहीँ लिनुभएको रे ! त्यसैले त पर्वतकै नाम वराहकुट रहन गएको भनिन्छ ।"

"अँ साँच्चै काका !" वराहको रूप कस्तो हुन्छ ?" कविनाले प्याच्च सोधिहालिन् ।

"वराह भनेको बँदेल हो । वराहको रूप बँदेलको जस्तो हुन्छ । चुच्चो थुतुनो र लामा लामा दारा निस्किएका हुन्छन् । बँदेल सुँगुर जस्तै हुन्छ नि ! बरु बँदेलका लामा लामा दारा निस्केका हुन्छन् तर सुँगुरका हुँदैनन् । फरक यत्ति मात्रै हो । बुझ्यौ त ?"

"भगवान्ले त्यस्तो वराह रूप किन लिनुपरेको होला ?" प्रवीणाले जिज्ञासा पोखी ।

"यसको एउटा लामो कथा छ । पहिले वराह क्षेत्रको बयान नै सुन । पछि भनौँला ।" मैले भनेँ ।

"नाइँ अहिल्यै भन्नोस् न । हामी कथा सुन्छौँ ।" सबै केटाकेटी एक भए । "त्यसो भए लौ सुन !" म भन्न थाले...।

"धेरै वर्ष पहिले पौराणिक कालमा हिरण्याक्ष नामको दानव थियो । उसले ब्रह्माजीबाट त्रिलोक विजय गर्ने वरदान पाएको थियो । जसले एक पटक पृथ्वीलाई नै अपहरण गरेर रसातल पुऱ्यायो । यसपछि संसारमा हाहाकार मच्चियो । जता पनि पानी नै पानी थियो । पृथ्वी नभएकाले सृष्टि गर्न अप्ठ्यारो पऱ्यो ।"

"अनि ?" प्रवीणाको आवाज सुनियो ।

"अनि ब्रह्माजीले विष्णु भगवान्लाई पृथ्वीको उद्धार गर्न अनुरोध गर्नुभयो । विष्णु भगवान् प्रसन्न हुनुभयो र ब्रह्माजीकै नाकको प्वालाट वराहको रूपमा फुत्त निस्कनुभयो ।

"आम्मै ! नाकको प्वालबाट !" सबै छक्क परे ।

"हो त ! वराह पनि सानो हो र ठुला

ठुला दारा भएको, देख्दा डरलाग्दो ! अनि त भगवान् वराह सरासर रसातलतर्फ लाग्नुभयो। हिरण्याक्षसँगको युद्धमा विजय प्राप्त गरी पृथ्वीलाई थुतुनो र दारामा अड्याएर बाहिर निस्कनुभयो । त्यसपछि ब्रह्माजीले संसार रचना गर्न थाल्नुभयो ।" भगवान् वराह भने घुम्दै फिर्दै उही वराहकुट पर्वतको फेदीमा आइपुग्नुभयो। त्यहाँ पवित्र कौशिकी र कोका नदी बगिरहेका थिए । ती नदीको दोभान भगवान्लाई ज्यादै मन पर्‍यो। भगवान् वराहले कोकाको अनुरोध स्वीकारेर त्यहीँ बस्न थाल्नुभयो । त्यसै बेलादेखि यो वराह क्षेत्र नाम प्रख्यात भयो ।" मैले कथा टुङ्ग्याएँ ।

"आहा ! कथा त कति राम्रो रहेछ !" प्रवीणा ताली पिट्दै रमाइन् ।

"अनि ! वराह भगवान् बसेकाले कौशिकी र कोका नदीको दोभान पवित्र मानिन्छ। कोका नदी सानो भए पनि प्रसिद्ध र पवित्र छ। कौशिकी नदीको महिमा त झन् ठुलो छ । यसलाई अहिले सप्तकोसी भनिन्छ । सप्तकोसी नेपालका ठुला नदीमध्ये एक हो। यसमा दुधकोसी, सुनकोसी, अरुण, तमोर, इन्द्रावती, वरुण र तामाकोसी गरी सात नदीहरू मिसिएका छन्। यस्ता



पवित्र नदीहरूको काखमा रमाइरहेको वराह क्षेत्र ज्यादै रमाइलो ठाउँ छ।"

"त्यहाँ पुग्न गारो होला हगि काका ! धेरै टाढा पो छ कि ?" प्रवीणले सोध्यो।

"छैन, त्यहाँ पुग्न अहिले त सजिलै छ । सुनसरी जिल्लाको चतरा भन्ने बजारसम्म मोटरमा जान सकिन्छ । चतरामा पुग्ने मुख्य दुइटा बाटाहरू छन् । महेन्द्र राजमार्गको झुम्का भन्ने ठाउँबाट उत्तर लागे पनि भयो । धरानबाट पश्चिम हुँदै गए पनि हुन्छ । दुवै बाटाबाट मोटर चल्छ । त्यसपछि भने पैदल हिंड्न नै रमाइलो हुन्छ ।

"हामी पनि घुम्न जान पाए कति मज्जा हुन्थ्यो।" प्रवीण उत्सुक देखियो।

"हो ! सारै रमाइलो हुन्छ। त्यो ठाउँ नै रमाइलो छ । सानो बजार छ चिया ख्वाउने । कौशिकाको किनारैमा

मन्दिरहरू चारैतर्फबाट अग्लो पर्खालले घेरेका छन् ।"

"मूलढोकाबाट भित्र पस्नासाथ लस्करै तिन चार ओटा मन्दिर मुसुक्क हाँसेका देखिन्छन् । ती मन्दिरहरू भने नेपाली शैलीमा छैनन् ।"

"नेपाली शैली कस्तो हुन्छ काका ?" नवीनाले प्याच्च सोधिन् ।

"नेपाली शैली भनेको छाने शैली हो । पशुपतिनाथको जस्तो मन्दिरलाई नेपाली शैली भनिन्छ तर वराह मन्दिरहरू मुगल र राजपुत शैलीका हुन् ।" वराह क्षेत्रको मुख्य मन्दिर वराह विष्णुको हो । यो मन्दिरको ढोका बुट्टेदार र गजुर सुनौलो छ । त्यसपछि महाकाली, गुरु वराही, पञ्च भगवान् आदिका मन्दिरहरू छन् । ती सबै कलात्मक र सुन्दर छन् । वराहेश्वर मन्दिरमा वराहको एउटा ठुलो मूर्ति छ । त्यो मूर्ति केही वर्षअघि भेटिएको हो, बुझ्यौ ? त्यो मूर्ति मान्छे जत्रो ठुलो छ । त्यो सात सय वर्ष पहिले बनेको भन्ने अनुमान छ ।" म भन्दै गएँ । "अहो ! कति पुरानो रहेछ ।" सबै छक्क परे ।

"त्यति मात्र हो र ! यो वराह क्षेत्र त हजारौँ वर्ष पुरानो मानिन्छ । त्यहाँ लक्ष्मी, इन्द्र नागेश्वर, सूर्यदह, बद्री, मुक्तेश्वर आदिका मन्दिरहरू पनि छन् । त्यहाँ अर्को एउटा अनौठो वस्तु पनि छ ।" त्यो के काका ?" प्रवीणा छिटो भइन् ।

"त्यो जय विजय ढुङ्गा हो । नागेश्वर मन्दिरबाहिर एउटा गरौँ र चिप्लो ढुङ्गा मिल्किएको छ । हेर्दा सजिलै उचाल्न सक्ने देखिन्छ तर एक्लैले उचाल्न गारो हुन्छ । भनिन्छ, सात जनाको दाहिने हातको कान्छी औँलाले त्यो ढुङ्गो एकैचोटि उचाल्न सकिन्छ रे !"

"उचाल्न सकिन्छ त, काका ?" सबै पक्क परिरहे ।

"खै उचाल्न सकिन्छ सकिन्न थाहा छैन । तर त्यो ढुङ्गा उचाल्न खोज्दा कति जनाको हात थिचिएको छ, कतिको खुट्टा । हो, उचाल्न खोज्दा भने सारै रमाइलो हुन्छ ।"

"अहा ! कस्तो रमाइलो कुरा रहेछ । म त वराह क्षेत्र घुम्न जान्छु ।" प्रवीणले वराह क्षेत्र जाने अठोट गऱ्यो ।

"हो ! जानुपर्छ । आफ्ना देशको यस्ता सम्पदा हेरिराख्नुपर्छ । बरु आफू एक्लै हैन नि ! साथीभाइलाई पनि सँगै लैजानुपर्छ । कसो ?" मैले कुरा टुङ्ग्याइदिएँ । अनि सबै खेल्न दौडिए ।

# पूर्वको पशुपति

– शारदा अधिकारी (ढकाल)

मिति: २०५७।३।३

विराटनगर

प्यारो साथी श्रवण,

मिठो सम्झना !

मलाई यहाँ राम्रै छ । तिमीलाई पनि राम्रो छ भन्ने विश्वास लिएको छु ।

श्रवण ! छुट्टीको दिन थियो। खाना खाई पिँढीमा घाम तापिरहेकी थिएँ । आँखा बाटातिर दौडिरहेका थिए, एकाएक हुलाकी दाइमा परे । उनी हाम्रै घरतिर आइरहेका रहेछन् । श्रवणको चिठी आयो कि ? मनमनमा नै प्रश्न उब्जियो। नभन्दै एकै छिनमा त हुलाकी दाइले तिम्रै चिठी पो हातमा राखिदिए। कहिलेकाहीँ त सोचेको कुरा पनि कसरी ठ्याक्क मिल्न जाने ! सधैँ त्यस्तो भए पो !

हत्तपत्त चिठी खोलेर पढेँ । तिमी अगाडि बसेर बोलिरहे जस्तो लाग्यो । चिठी पढिसकेपछि झसङ्ग भएँ, तिमी त काठमाडौँमा नै पो छौ त !

श्रवण ! तिमीहरू पलाञ्चोक भगवती स्थान गएछौ । म जान नपाए पनि तिमी गएछौ । यसैमा खुसी लागिरहेछ । त्यहाँ जाँदाको तिम्रो यात्रा विवरण पढ्दा त आफैँ पुगेजस्तो लाग्यो । यात्रा संस्मरणले त ठुलो काम पो गर्दो रहेछ, श्रवण !

साँच्ची तिमीले हलेसी महादेवको नाम सुनेका छौ ? यसपालिको बाला चतुर्दशीमा म हलेसी महादेव स्थान गएको थिएँ । नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने खोटाङ जिल्लामा पर्दोरहेछ हलेसी महादेव । यो खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट २६ की.मी. दक्षिण पश्चिममा पर्दोरहेछ । त्यहाँ जाँदाका कुराहरू लेखी पठाउँछु । राम्रोसँग पढ ल !

हलेसी महादेवलाई पूर्वको पशुपति भन्दा रहेछन् । पशुपति भनेपछि तिमीलाई काठमाडौँ देवपतनकै पशुपतिनाथ मन्दिरको झझल्को आउला । यो त बेग्लै खालको देवस्थल रहेछ श्रवण !

पूर्वाञ्चल क्षेत्रको सगरमाथा अञ्चलको खोटाङ जिल्लामा पर्दोरहेछ हलेसी । हवाई जहाजबाट जाने हो भने कि त लामिडाँडा भएर जानुपर्ने कि त रुम्जाटार भएर जानुपर्ने ! ती दुई विमान स्थलमध्ये जुन बाटोबाट गए पनि ५–७ घण्टा त हिंड्नै पर्दोरहेछ ।

हामी दिक्तेलबाट जानुपर्ने भएकाले पैदलै जानुपऱ्यो । त्यसैले मुढे हुँदै नुनथलाको उकालो लाग्यौं । त्यसपछि डाँडामाथि माथिकै बाटो दक्षिण लाग्दै गयौं । त्यहाँबाट बिजुले हुँदै ओखले पुग्यौं । त्यहाँबाट केही ओरालो झरी तेर्सो तेर्सो हिँड्दै थियौं मान्छेहरूको घुँइचो देखिन थाल्यो ।

अब आइपुग्न लागेछ हलेसी भन्ने सोच्दै थिएँ । ल आइपुग्यो अब त भन्ने बुबाको आवाज सुनिहालेँ ।

खोइ त मन्दिर ? भनी आँखाले खोज्यो तर भेटेन । "होइन बुबा, मन्दिर आइपुग्या छैन त ?" बुबालाई सोधी हालेँ ।

हो महादेव मन्दिर त आइपुग्या छैन । यो त बसाहा गुफा हो नि । ऊ हेर न ।" बुबाले आँखाले देखाएतिर हेर्दा त एउटा गुफा अनि गुफाको मुखमा ढुङ्गाको बसाहा ।

बसाहा भन्या थाहा छैन होला श्रवण तिमीलाई । साँढे त हो नि ! गुफा देख्दा म त जिल्ल परेँ । मान्छेहरू गुफाभित्र पस्दै निस्कँदै गरिरहेका थिए ।

"त्यस गुफाभित्र छिरेर अलिकति ओर्लिएपछि माथितिर फर्क्यो भने दिउँसै जगमग तारा देखिन्छ ।" बुबाको कुरा सुनेपछि त मलाई कुन बेला गुफाभित्र



छिर्नुजस्तो भयो । सगुनको हात समातेर दौडिहालेँ ।

गुफाअगाडि बसाहाको मूर्ति भएकाले त्यसको नामै बसाहा गुफा भएको रहेछ। त्यसभित्र छिरेर १००-१५० पाइला के हिँडेको थिएँ ! फराकिलो ठाउँ आइपुग्यो। त्यहाँ पुगेपछि माथि फर्केको त हवाङ्गै पो रहेछ। कस्तो अचम्म श्रवण ! त्यहाँबाट त दिउँसै पनि आकाशमा ताराहरू देखिँदो रहेछ । मानिसहरू त्यहाँ उभिएर 'दुध देऊ माई' भनी पुकार्दा रहेछन् । त्यसरी पुकार्दा धर्मात्माका हातमा दुध आउँछ रे ! त्यहाँका भक्तहरूमा त त्यस्तो

विश्वास रहेछ। हेर न श्रवण ! मलाई त त्यसरी माग्न चाहिँ लाज लाग्यो । अनि त गुफाको मुखतिरै फर्कियौँ । बुबाहरू भर्खर गुफाभित्र पस्दै हुनुहुँदो रहेछ। मलाई फर्किसकेको देखेर "यहाँको शङ्ख देखिस् ?" भनी सोध्नुभयो । बुबाले देखाएको ठाउँतिर हेरको त साँच्चै सानो शङ्ख आकारकै प्वाल रहेछ । त्यो प्वालमा फुक्यो भने इलाकाभरि शङ्खको ध्वनि सुनिने रहेछ। एकचोटि त मैले पनि फुकिदिएँ श्रवण ! क्या ! रमाइलो हुँदो रहेछ।

त्यहाँबाट निस्केर हामी हलेसी महादेव स्थानतिर नै लाग्यौँ । मेला भएकाले मान्छेहरू लर्को लागेर हिँडिरहेका थिए। दस मिनेट जति उकालो उक्लेपछि एकदम भिड जमेको ठाउँ आइपुग्यो । "मन्दिर आइपुग्न लागेछ होइन बुबा ?" भनी सोधेँ। बुबाले त ऊ क्या त मन्दिर" पो भन्नुभयो। मैले त मन्दिर देखिन बरु एउटा गुम्बा चाहिँ देखेँ। मेरा त आँखै अल्मलिएछन्। म अल्मलिएको देखेर बुबाले फेरि देखाइदिनुभयो । नियालेर हेरेपछि भने मैले मन्दिर होइन इनार जस्तो ठाउँ देखेँ। त्यहीँ ठाउँमा मान्छेको भिड पनि निकै जमेको रहेछ।


बसाहा गुफाले अचम्म पारेको थियो मलाई। महादेव स्थानले त झन् अचम्म पाऱ्यो।

"यो पनि गुफा नै हो। यसभित्र छिरेर ओर्लिएपछि महादेव पार्वतीको मूर्ति भएको ठाउँमा पुगिन्छ।" म जिल्लिएको देखेर बुबाले भन्नुभयो।

"त्यहाँ त गुम्बा जस्तो पनि देखिन्छ नि !" महादेव गुफाअगाडिको गुम्बा देखाएर सगुनले भन्यो।

"दार्जिलिङका बौद्धधर्मीहरूले यहाँ गुम्बा पनि बनाएका छन्। यो ठाउँ त हिन्दुबौद्ध दुवैको तीर्थस्थल हो नि त ! सेर्पा, लामाहरू भगवान् शिव र बुद्ध दुवैलाई 'गुरु रिम्बुचे' भनी मान्दछन्। यसैले यहाँ बौद्ध गुम्बा बनाएका हुन्। यहाँ उनीहरू १०८ दियो बाली पूजा गर्छन् । हिन्दुहरूको त आराध्यदेव नै भइहाले महादेव। यसैले यहाँ हिन्दु, बौद्ध दुवै मार्गीहरू उत्तिकै भक्तिका साथ आउँछन्।" बुबाले हामीलाई राम्रोसँग बुझाइदिनुभयो।

कुरा गर्दागर्दै हामी महादेव गुफामा पुग्यौँ। गुफा अगाडिको भागमा दायाँतिर गुम्बा रहेछ । बायाँतिर जोगीहरू बसिरहेका रहेछन् । गुफाको ढोकाभित्र छिरेर ठाडै ओरालो झर्नुपर्दो रहेछ । ५-६ मिनेट सिँढी ओर्लिएपछि समथर भाग आइपुग्यो । त्यही भागमा शिवलिङ्ग रहेछ । तिनैलाई हलेसी महादेव भनी पूजा गरिँदो रहेछ। शिवलिङ्ग वरपर



थुप्रै मूर्तिहरू रहेछन् । मूर्ति त बिछट्टै राम्रा श्रवण !

शिवलिङ्गको पूर्वपट्टि अलि अग्लो भागमा पार्वती माताको मूर्ति रहेछ । वरिपरि विचित्र विचित्रका मूर्तिहरू कसले बनायो होला ? यस्तो अनकन्टार गुफाभित्र बसेर कसरी मूर्ति बनायो होला ? मनमा लागिरह्यो । पार्वतीको मूर्तिमा आँखा अडिरह्यो । माता त अलि डराएर कुक्रुक्क परे जस्तो लाग्यो । मुख किन त्यस्तो देखिया होला ? अचम्म पनि लाग्यो ।

त्यही ठाउँमा धर्मद्वार र पापद्वार भन्ने दुई ओटा प्वाल पनि रहेछन् । मान्छेहरू प्वालबाट छिरेर धर्मात्मा हुँ कि पापी हुँ भनी आफूलाई जाँच्दा रहेछन् ।

श्रवण ! मलाई त त्यहीँ बसिरहूँ जस्तो लाग्यो । बाला चतुर्दशीको मेलाको भिड के पाइन्थ्यो र धेरैबेर बस्न ! बाहिर निस्किहाल्यौँ ।

दर्शनपछि खान भनी खानेकुरा लिएर गएका थियौँ । राम्रो ठाउँ खोज्दै पानी पोखरी कुवाको अगाडि पुगेर बस्यौँ । बुबा खानेकुरा बाँड्न थाल्नुभयो । म भने महादेव स्थान गुफाभित्र रहेका मूर्तिभित्रै हराएछु । पार्वतीको मूर्तिको डराएको अनुहारले तानिरहेको थियो । मुख एकतमासको भएछ । “के भयो तँलाई ?” बुबाको आवाजले झसङ्ग भएँ । “गुफाभित्रका मूर्तिहरू सम्झँदा पनि कस्तो कस्तो भयो बुबा मलाई त ! मूर्ति कसले बनायो होला है त्यस्तो ?” मेरो मुखबाट निस्किहाल्यो ।

“ए! यो त अझै त्यतै डुबिराख्या रहेछ। ल पख् म यसको उत्पत्ति कथा सुनाउँछु।” बुबाले कथा सुनाउन थाल्नुभयो ।

“परापूर्व कालमा भस्मासुर नामको दानवले महादेवलाई खुसी पार्न कठोर तपस्या गरेछ । उसको तपस्याबाट खुसी भएर महादेवले वरदान माग भने छन् ।

ऊ पनि राक्षस न ठहरियो ! "मेरो हात जसको टाउकोमा पऱ्यो ऊ भस्म होओस्" भनी मागेछ । महादेवले पनि ख्यालै नगरी तथास्तु भने छन् । त्यति वरदान पाएपछि त के चाहियो र ? उसले वरदान सत्य हो कि होइन भनी महादेवकै टाउकामा हात राख्न खोजेछ। महादेव पार्वतीलाई लिएर कुदे छन् । भस्मासुर उनलाई लखेट्न थाले छ । भस्मासुरबाट लखेटिएका महादेव हलेसीको थुम्कोमा आइपुगे छन्। त्यहीको फेदीबाट पहाडभित्र पसेर भित्र भित्रबाट माथि पुगेछन्। पार्वतीलाई एउटा कुनामा लुकाई आफू पनि त्यहीँ लुके छन् । भस्मासुर खोज्दै आएछ र नदेखी फर्के छ। त्यस बेलादेखि पत्थरको शिवलिङ्ग र पार्वतीको मूर्ति उत्पत्ति भएको हो ।"

"कस्तो रमाइलो कथा ! यो कथा साँच्चैको हो बुबा ?" मैले तुरुन्तै सोधेँ।

"यस गुफाका बारेमा यस्तो कथा चल्दै आएको छ। यसलाई 'किंवदन्ती' भन्छन्। यो कुरो साँच्चै हो होइन त कसैलाई पनि थाहा छैन । यस्तो कथा चाहिँ सुनिँदै आएको छ । मूर्तिको आकार प्रकार र गुफाको अवस्था देख्दा चाहिँ यो कुरा होइन भन्न पनि सकिँदैन ।" बुबाले जवाफ दिनुभयो ।

खाना खाएर हामी ककनी स्थानतिर



लाग्यौँ । हलेसीको थुम्को अगाडिको डाँडालाई ककनी स्थान भन्दा रहे छन् । त्यहाँबाट वरपर हेर्दा त श्रवण ! त्यहाँ कालाकाला ढुङ्गाहरू पनि रहे छन्। ती काला ढुङ्गालाई भस्मासुरको दिसा पनि भन्दा रहेछन् । पहाडको त्यस्तो लामो बाटो हिँडेर जानुपर्ने ठाउँ पनि भिड त असाध्यै हुने रहेछ ।

हुन पनि श्रवण ! हलेसी महादेव यताका त आराध्यदेव नै रहेछन् । जेजस्तो दुखकष्ट परे पनि गुहार्ने ठाउँ रहेछन् यिनी त !

कसैलाई सन्तान चाहियो, त्यहीँ गएर माग्दा रहे छन् । कसैलाई धन चाहियो त्यहीँ गएर पुकार्‍यो । पानी परेन, खडेरी पर्‍यो भने पनि त्यहीँ गएर सुनायो ।

साँच्चै ! हेर न श्रवण ! त्यहाँ मागेको कुरा पुग्छ भन्ने पूर्ण विश्वास रहेछ मानिसहरूमा । हुन पनि विश्वास न हो सबैभन्दा ठुलो कुरो त !

श्रवण ! मलाई त हलेसी जाने बाटो पनि कति रमाइलो लागेको ! हिँड्नै परे पनि वरिपरि वन जङ्गल, ठाउँ ठाउँमा फलफुल लटरम्म भएको देख्दा त मन त्यसै त्यसै रमाउने । अझ दुधकोसीको दुध जस्तो पानी देख्दा त श्रवण ! लागेको थकाइ पनि मेटिने । तिमी भए झन् कति रमाइलो हुने थियो होला ! श्रवण कल्पना गर त ! तिमीलाई आउन मिल्यो भने फेरि जाने व्यवस्था मिलाउँला नि है ।

चिठी त लामै भएछ श्रवण ! अब टुङ्ग्याऊँ है । अरू बुबामुमालाई मेरो सादर प्रणाम सुनाइ देऊ । त्यहाँका सबै हाल खबर बुझी चिठी लेखिहाल ल !

तिम्रो प्यारो साथी

सुबोध

# आहा ! क्या राम्रो मूर्ति

– शारदा अधिकारी (ढकाल)

मिति : २०५७ आश्विन ७ गते

काठमाडौँ

आत्मीय मित्र श्रुति,

दिन दिनको सम्झना !

मलाई यहाँ सन्चै छ । तिमीलाई पनि सन्चै होला भन्ने विश्वास लिएको छु ।

तिम्रो चिठी पाएँ, खुसी लाग्यो । चिठी हातमा पर्नासाथ खोलेर पढेँ । तिमी कक्षामा पहिलो भएको कुरा पढ्न पाउँदा मेरो नाकै फुले छ ! आमाले "किन नाक फुलाउँछ यो" भनेपछि पो लाज लाग्यो। तिमी सधैँ पहिलो भइरहू। मेरो शुभ कामनाले तिमीलाई सधैँ पछ्याइरहने छ। तिम्रो मिहिनेती बानीले तिमीलाई सधैँ सफलता हात परोस्! मेरो कामना नै यही छ। साथी टाढा भएपछि मनले शुभ कामना पठाइरहँदो रहेछ । हातले चिठी लेखिरहन खोज्दो रहेछ । हुन पनि भेटको माध्यम त यिनै त भए नि ! होइन त ? श्रुति ।

श्रुति ! यस पटकको नौरथामा म पलाञ्चोक भगवती गएको थिएँ। त्यहाँ



पुगेपछि त मलाई तिम्रो सम्झनाले झन् पछ्यायो ।

तिमी भएको भए कति रमाइलो हुन्थ्यो भन्ने मनमा लागिरह्यो। ठाउँ पनि निकै रमाइलो रहेछ ।

यसैले यस चिठीमा मैले पलाञ्चोक भगवतीका बारेमा थाहा पाएका कुराहरू लेख्न लागेको छु। तिमीलाई पनि त्यहाँ गएकै जस्तो लागोस् भनी त्यहाँ जाँदाको वर्णन पनि गर्न लागेको छु । राम्रोसँग

पढ ल ! एकचोटि तिम्रो र मेरो विवाद परेको थियो नि ! सम्झना छ, तिमीलाई ?

तिमीले पलाञ्चोक भगवतीको मन्दिर काभ्रेपलाञ्चोक जिल्लामा पर्छ भनेका थियौँ। मैले सिन्धुपाल्चोक जिल्लामा पर्छ भनेको थिएँ । काभ्रेमा नै पर्दो रहेछ ! भगवतीको मन्दिर त !

घटस्थापनाको दिन बिहान सात बजे नै हामी तयार भइसकेका थियौँ। अघिल्लो दिन नै कुरो मिलाइएको थियो । बुबाले गाडीको बन्दोबस्त गर्नुभएको थियो। मलाई त त्यस रात राम्रोसँग निद्रा पनि लागेन ।

साढे पाँच बजे नै ब्यूँझिएछु। आफूलाई मन परेको काममा त निद्रा पनि आफैँ खुल्ने ! कस्तो अचम्म हेर न ! बुबा, मुमा, दिदी श्रेया र म सबै गाडीमा बसेर दीपकको घरमा गयौँ। दीपक पनि तयार भइसकेको रहेछ। दीपकका बुबा, आमा र दीपक गाडीमा बस्नासाथ गाडी कुदिहाल्यो । त्यहाँबाट हामी भक्तपुर, जगाती, साँगा, बनेपा हुँदै गाडीमा गुडिरह्यौँ ।

धुलिखेल पुगेपछि भने बुबाले एकछिन गाडी रोक्न लगाउनुभयो । हामीलाई “आओ” भन्दै धुलिखेल रिसोर्ट रेस्टुराँतिर लैजानुभयो। कस्तो रमाइलो रहेछ श्रुति त्यहाँ त ! जता हेरे पनि पर्वतै पर्वतको माला जस्तो !” ठाउँ ठाउँमा हिउँले सिँगारिएको पर्वतको माला जस्तो पो देखिँदो रहेछ । ती रमाइला दृश्य हेरी हेरी दुध र बिस्कुट खायौँ । त्यसपछि फेरि गाडीमै बसेर गुड्न थाल्यौँ ।

पाँचखाल हाम्रो अगाडि मुस्काउँदै पल्टिरह्यो ।



वरिपरि पर्वत र थुम्काथुम्की, रातो माटाको समथर भाग । पाँचखाल पनि रमाइलो लाग्यो । काठमाडौँमा भन्दा त निकै न्यानो रहेछ पाँचखाल । झन्डै झन्डै तराई जस्तो ।

"धेरै तरकारीहरू यहाँबाट जान्छ, काठमाडौँमा ।"

बुबाको बोली सुनेपछि त म झन् टाठो भएँ । पाँचखाललाई राम्रैसँग नियालेँ ।

उक्लिँदै मोडिँदै, उक्लिँदै मोडिँदै, ओर्लिँदै मोडिँदै, उक्लिँदै मोडिँदै गाडी गुडिरह्यो । हामी कहिले तल कहिले माथि आँखा घुमाउँदै बाटाको छेउमा पर्ने वन जङ्गलमा रमाउन थाल्यौँ ।

गाडी झन्डै ३५ मिनेट गुडेपछि रोकियो । अग्लो टाकुराको समतल भाग पो आँखा अगाडि आयो । आँखा घुमाउँदै घुमाउँदै जाँदा त पर्खालभित्र उभिएको मन्दिरको छाना देखियो ।

अग्ला अग्ला पहाडले घेरिएको टाकुरामा पो रहेछ, भगवती मन्दिर त ! घरहरू पनि फाट्टफुट्ट मात्र रहेछन् । म त नौलो ठाउँ देखेर त्यसै अलमलिएछु । "ए श्रवण ! मन्दिर यही हो ओर्ली न !" भन्ने बुबाको आवाजले पो झसङ्ग भएँ । श्रुति ! भगवती त कति राम्रो ठाउँमा बसेकी रहिछिन् । मलाई त सारै रमाइलो लाग्यो । अग्लो ठाउँ भएर होला ! कुहिरो पनि लागिरहँदो रहेछ । टाकुराको छेउमा गएर तलतिर हेर्दा त एक छिनमा तलको दृश्य छ्याङ्ग देखिन्छ, एकछिनमा डम्म छेकिन्छ । मलाई त अचम्म पनि लाग्यो, रमाइलो पनि लाग्यो ।

हुन त अग्लो ठाउँमा गएर तलतिर हेर्दा पहाडी इलाका त्यस्तो देखिइहाल्ने रहेछ । दामन जाँदा पनि त त्यस्तै देखिएको थियो नि ! तिमीलाई पनि सम्झना होला नि ! होइन ? हो त्यस्तै कुहिरो एक छिनमा ढाक्दोरहेछ त्यहाँ पनि । दामनको पानोरमा रिसोर्टमा बसेर तलतिर हेर्दा पनि त फुस्फुस कुहिराले तलतिर झरेर एकै छिनमा ढाकिएको थियो नि ! तिमी कति रमाएकी थियौ याद छ ? मैले पलाञ्चोक भगवतीको मन्दिर छेउ उभिएर तलतिर हेर्दा पनि त्यही सम्झिरहेँ । उकालो निकै चढेर जानुपर्ने भए पनि निकै भिड हुँदो रहेछ । अघिपछि शनिबार र मङ्गलबार त दर्शन गर्न गारो हुन्छ रे । झन् नौरथामा त भिड हुने नै भयो । देवी भगवती माताकहाँ मागेको कुरा पुरा हुन्छ भन्ने विश्वास धेरैलाई रहेछ । माता भगवतीको दर्शन गर्न मानिस टाढा टाढादेखि आउँदा रहे छन् ।

कोही कोही आफ्नो इच्छा पुगोस् भनी आउँदा रहेछन् । कोही हामीजस्तै रमाइलाका लागि आउँदा रहे छन् ।

सत्कर्ममा आत्म विश्वासका साथ लागेपछि पूर्ण भइहाल्छ । त्यसमा पनि देवीको स्थानमा गरिएको सङ्कल्पले विश्वास बढी आउने भइहाल्यो । ठाउँ ठाउँका थरीथरीका मान्छेहरूको निकै घुइँचो हुने रहेछ ।

झन्डै दुई घण्टा लाइनमा उभिएपछि बल्ल मन्दिरभित्र छिर्न पाइयो । मन्दिर वरिपरिको पर्खालमा पूर्व र दक्षिण दुईतिर ढोका रहेछन् । हामी पूर्वको ढोकाबाट पस्यौँ । भित्र त बिचमा माताको मन्दिर रहेछ । वरिपरि पूजा सामान हाल्ने, होम गर्ने, खाना खान मिल्ने खुला सत्तल रहेछ । सत्तलकै भित्ता वरिपरि पर्खाल बनेको रहेछ । दक्षिणपूर्व कुनामा धारो पनि रहेछ । माताको मूर्ति चाहिँ दक्षिणतिर फर्केको रहेछ । हामी उत्तर फर्केर भगवतीको दर्शन गर्न बस्यौँ ।

माताको मूर्ति देखेपछि म त जिल्लिएँ श्रुति । मैले त्यस्तो मूर्ति त देखेकै थिइनँ । पलाञ्चोक माता त मुसुक्क हाँसेर बोलिहाल्छिन् कि जस्तो ! हासूँ कि नहासूँ गरी मुन्टो लुकाए जस्तो ! निकैबेर हेरेँछु मैले त । ए छिटो गर न !" भनेर पुजारीले हप्काएपछि पो झसङ्ग । साँच्चै श्रुति ! यो मूर्ति त सबैभन्दा सुन्दर मूर्ति हो रे नि ! थाहा छ तिमीलाई ?

"यो मूर्ति कसले बनायो होला ?" भन्ने प्रश्न मेरो मनमा खेलिरह्यो । दर्शन गरेर निस्केपछि बुबालाई सोधी पनि हालेँ ।

यस मूर्तिको स्थापना विजय स्वामिनी नामकी महिलाले गराएकी हुन् । यसको स्थापना सं. ४२५ मा भएको हो भन्ने कुरो त बुबाले सुनाउनुभयो । मूर्ति बनाउने मूर्तिकारको नाम भने अहिलेसम्म थाहा नै रहेनछ । त्यस बेला त अहिले जस्तो चित्रकार, साहित्यकार, कलाकारको नाम राख्ने चलन नै थिएन रे !

श्रुति हेर न ! त्यो समय त कलाकारका लागि डरलाग्दो नै रहेछ । राम्रो मूर्ति बनाउने, राम्रो भवन बनाउने मान्छेलाई त उल्टो सजाय पो त ! कसैले राम्रो मूर्ति बनायो भने, घर बनायो भने अर्के त्यस्तो नबनाओस् भनी हातखुट्टा नै काटिदिने रे ! कस्तो नराम्रो चलन !

श्रुति हेर न ! पलाञ्चोक भगवतीको मूर्ति बनाइसकेपछि त त्यस कलाकारको दाहिने हात नै काटिदिएको रे ! तर त्यो मान्छे पनि त्यस्तै बहादुर रहेछ । उसले देब्रे हातले काठमाडौँको नक्साल भगवतीको मूर्ति बनाएछ । त्यसपछि उसको देब्रे हात पनि काटिएछ । त्यसपछि पनि उसले खुट्टाले काठमाडौँकै शोभा भगवतीको मूर्ति बनाएछ । अनि त उसका

गोडाहरू पनि काटिएछन् ।

त्यत्रो कलाकारले त्यस्तो दुर्दशा !

कुरो सुनेपछि म त लगलग काम्न थालेछु । मलाई देखेर सबै जना हाँसिरहेका पो रहेछन् ।

मलाई त भगवतीको अनुहार लाज मानेजस्तो देखिएको यही कारण होला जस्तो पो लाग्यो । आफ्नो मूर्ति बनाउने कलाकारको त्यस्तो दुर्दशा, कसलाई पो लाज लाग्दैन र ? कसलाई पो दिक्क लाग्दैन र ?

भगवती माताले हाँसु नहाँसु गरी मुख लुकाउन खोजेको त्यही दुर्दशा देखेर त होला नि ! होइन त श्रुति ?

मन्दिर देखेर, मन्दिरको स्थल घुमेर पाएको आनन्द एकाएक बिलाए झैँ लाग्यो । सारै दिक्क लागेर आयो । दिक्क मानेर मात्र के गर्नु ? हुने कुरो त भइसक्यो ।

जे होस्, यी भगवती माताको मन्दिर, मूर्ति हाम्रा सम्पत्ति हुन् । यसको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो । यिनको सुरक्षा गर्न सके मात्र हाम्रा कला र कलाकार बाँचिरहन्छन् ।

हाम्रो सम्पत्ति रहिरहन्छ । यही होइन त हामीले बुझ्नुपर्ने कुरो ? अँ श्रुति ! वैशाख पूर्णिमाको दिन भगवती स्थानमा धुमधामको मेला लाग्छ रे ! त्यति बेला तिम्रो छुट्टी मिल्छ भने आऊ न ! पलाञ्चोक भगवती माताको मेला हेरौँला नि !

अरू धेरै त के लेख्नु ? चिठी लामै भइसक्यो । दसैँ राम्रैसँग बित्यो । यसपालिको नौरथामा धेरै मन्दिरहरू घुम्न पाएँ । अन्य मन्दिरका बारेमा अरू चिठीमा नै लेखुँला चिठी पाउनासाथ सबै हालखबर लेखी पठाऊ ल ! बुबामुमालाई मेरो नमस्कार पनि सुनाइ देऊ है ।

माया गर्ने साथी

श्रवण

# गोसाइँकुण्ड

– तेजप्रकाश श्रेष्ठ

"ए सिर्जना ! पख न । थकाइ लाग्यो" नवीना उकालो चढ्दाचढ्दै थ्याच्च भुइँमै बसिन् । सिर्जनाले उभिएर नवीनालाई पर्खिन् ।

"भर्खर त उकालो सुरु भएको छ। यति छिट्टै थाकिसक्यौँ ?" दीपकले भने ।

"आबुई ! कसरी उक्लने होला !" नवीनाले सुस्केरा हालिन् ।

ठाडै उकालोमा घुमाई घुमाई बनाएको गोरेटामा उनीहरू बिस्तारै बिस्तारै उक्लिरहे। उनीहरू रसुवाको सदरमुकाम धुन्चेबाट बिहान पाँच बजे हिँडेका थिए। काठमाडौँबाट बसमा चढेर त्रिशुली, नुवाकोट हुँदै धुन्चे पुगेर बास बस्दासम्म त सुबिस्तै माने। बिहान धुन्चेको गुजुमुज्ज परेको गाउँ र बजार देख्दा सारै रमाइलो लाग्यो ।

चारैतिर हरियो वन देख्यौ ? यो त झन् लाङटाङ राष्ट्रिय निकुञ्ज हो । यहाँ लट्ठी काट्न र भाँच्न पनि पाइन्न । त्यसैले केही वन बाँकी छ ।" दीपकले उनीहरूलाई भुलाउन कुरा गर्न थाले ।

"साँच्चै अड्कल ! लाङटाङ राष्ट्रिय निकुञ्ज भनेको के हो ?" "निकुञ्ज भनेको वन सम्पदाको सुरक्षाका उद्देश्यले निर्माण गरिएको स्थल हो । लाङटाङ भनेको हिमालको नाम हो । वन जङ्गललाई जोगाई राख्न सरकारले यस क्षेत्रलाई राष्ट्रिय निकुञ्ज घोषणा गरेको छ । त्यसैले यो हाम्रो देशको राष्ट्रिय सम्पत्ति पनि हो । यसको सुरक्षाको जिम्मा सेनाले लिएको छ ।" दीपकले सम्झाउँदै गए ।

नवीना र सिर्जना रमाउँदै उकालो उक्लिरहेका थिए । थकाइ लागे पनि उनीहरू सारै रमाइलो मानिरहेका थिए।



"ऊ लौ हेर, चन्दनबारी आइपुग्यो" देवेन्द्रले अलि माथिका घरहरू देखाएर भने ।

"आहा ! यहीँ खाना खाने भन्नुभएको हैन बुबा ?" नवीनाले सोधिन् । "हेर त नवीना। ऊ त्यो के हो ? मन्दिर जस्तो छ नि ।" सिर्जनाले भनिन् ।

"हो ! मन्दिर नै हो। यसलाई घ्याङ वा गुम्बा भनिन्छ । यहाँ बुद्ध भगवान्को मूर्ति छ ।" दीपकले भने । दुवै जना रमाए र त्यतै लागे । बाटोबाटै एउटा घरलाई देखाउँदै दीपकले भने, "ऊ त्यो चिज केन्द्र हो । चिज भनेको थाहा छ हगि ? दुधबाट बनेको हुन्छ ।"

"थाहा छ अङ्कल ? हामीले खाएका पनि छौँ । अहो कत्रो, जाँतो जस्तो पो हुँदो रहेछ। हगि ?" नवीनाले चीज देखेर रमाउँदै भनिन् ।

चन्दनबारीमा खाना खाएर केहीबेर आराम गरेपछि उनीहरू फेरि उकालो लागे ।

उनीहरू बिस्तारै बिस्तारै हिँडिरहे । एउटी सेर्पेनी दिदी पनि उनीहरू सँगसँगै हिँडिरहेकी थिइन् । "दिदी कहाँसम्म जानुहुन्छ ?" देवेन्द्रले सोधे ।

"लौरीविनायकमा पसल छ । त्यहीँ जान लागेकी ।" उनको मिजासिलो बोली वचनले नवीना र सिर्जना पनि मख्ख परे ।

"दिदी ! लौरीविनायक कति टाढा छ ? कति बेला पुग्छौँ हामी ।" नवीनाले सोधिन् ।

"अब केही बेरमै आइपुग्छ ।" सेर्पा दिदीले भनिन् । "लौरीविनायक उकालो त झन् ठाडै पो रहेछ । तलबाट टेक्दै आएको लौरो (लट्ठी) लौरीविनायकको उकालोमा चढाउनुपर्छ । त्यसैले त्यो ठाउँको नाम लौरीबिना रहन गएको हो ।" सेर्पेनी दिदीले फेरि भनिन् ।

"आमामामा ! कस्तो ठाडो उकालो ! गोडा फतक्क गलिसके, कसरी उक्लने ?" नवीनाले माथि हेरेर भनिन् । ठाडै उकालोमा कमिलाको ताँती जस्तै मानिसहरू ओहोर दोहोर गरिरहेको देख्दा सिर्जना पनि छक्क परिन् । उनीहरू चिया खाने निहुँमा थकाइ मेट्न सेर्पेनी दिदीको पसलभित्र पसे ।

"अब धेरै बेर नबसौँ जाऔँ । साँझ पर्न धेरै बेर छैन," देवेन्द्रले सबैलाई उठाए ।

उनीहरू तेर हजार फिटभन्दा माथि पुगिसकेका थिए । यति अग्लो लेकमा उनीहरूले कहिल्यै उक्लेका थिएनन् । उनीहरूले अझ १४३०० फिट अग्ला ठाउँसम्म उक्लिनु थियो ।

"बुबा हेर्नोस् त त्यो मान्छे किन फत्र्याक फत्र्याक भइरहेको ? के भयो त्यसलाई" नवीनाले जिज्ञासा पोखिन् ।


"ए, त्यो ? लेक लागेको । यति अग्लो पहाडमा अक्सिजन कम हुन्छ अनि सास फेर्न गारो हुन्छ । त्यसमा पनि यहाँ थरीथरीका जडीबुटीहरू फुलेका हुन्छन् । त्यसको वासनाले समेत टाउको दुख्ने, रिँगटा लाग्ने र वान्ता हुने गर्छ । यसले गर्दा कमजोर मानिस बिरामी पर्छन् । त्यसैलाई लेक लागेको भनिन्छ ।" देवेन्द्रको सट्टा दीपकले भने ।

"लेक लाग्नबाट बच्न पहिले नै होस पुऱ्याउनुपर्छ । उकालो चढ्दा भोकै हिंड्नु हुँदैन । कागती, लसुन, तिते करेला जस्तो अमिलो, पिरो, तितो खाँदा पनि सन्चो गर्छ । औषधी लान त झन् बिर्सनुहुँदैन । हामीले पनि बोकेका छौँ नि, हैन ?" देवेन्द्रले भन्यो ।

गफ गर्दागर्दै लौरीविनायकको उकालो छिचोलिएको पत्तै पाइएन ।

"ऊ ! त्यो भैरव कुण्ड हो । यहाँको पानी सधैँ गाढा निलो देखिन्छ । झट्ट हेर्दा कालो जस्तो लाग्छ । त्यहाँ नुहाउनुहुँदैन रे ।" दीपकले भन्यो ।

चारैतर्फ अग्ला अग्ला पहाडले घेरेको गोसाइँकुण्ड देखेर सबै रमाए । त्यहाँ पुग्दा झमक्कै साँझ परिसकेको थियो । त्यसैले उनीहरू लाङटाङ राष्ट्रिय निकुञ्जको गेस्ट हाउसमा बास बस्न लम्किए । कुण्डको किनारमा थुप्रै अस्थायी छाप्रा र पालहरू टाँगिएका





देखिन्थे । मेला भर्ने यात्रीहरूको घुँइचो थियो । उनीहरूले बल्लतल्ल बास पाए । पोकापुन्तरा बिसाएर सुस्ताए । सिल्पिङ ब्याग र पछ्यौराहरू बोकेकाले जाडोमा काम लाग्यो तैपनि बाहिर सिमसिम पानी परिरहेकाले खुब जाडो थियो । जाडाले उनीहरूलाई धेरै बेरसम्म निद्रै लागेन ।

“अङ्कल ! यो ताललाई गोसाइँकुण्ड किन भनिएको होला ?” सिर्जनाले जान्न चाहिन् । “यसको एउटा कथा छ ।” दीपकले यति भन्नै पाएका थिएनन् नवीनाले सोधिहालिन् । “कस्तो कथा अङ्कल ?”

परापूर्व कालमा देवताहरू र दानवहरू मिलेर समुद्र मन्थन गरेका थिए । त्यहाँबाट अमृत, धन, सम्पत्ति, कल्पवृक्षका साथै हलाहल भन्ने विष पनि निस्किएछ । त्यो विष संसारमा फैलिएमा खराब गर्थ्यो । त्यसैले भगवान् महादेवले त्यो विष खानुभयो । ज्यादै तितो र कडा भएकाले भगवान्लाई सहनसक्नु भएछ अनि पीडाले छट्पटाउँदै यहाँ आइपुगेर त्रिशूलले पहाडमा घोच्नुभयो ।

त्यो त्रिशूलले घोचेको ठाउँबाट पानीको तिनधारा निस्किए । खाल्डो ठाउँमा पानी जमेर ठुलो पोखरी बनेछ । त्यसै कुण्डमा धेरै वर्षसम्म भगवान्



महादेव उत्तानो परेर सुत्नुभएको थियो। त्यसै बेलादेखि यो कुण्डलाई गोसाइँकुण्ड भनियो। त्यहाँबाट बग्ने नदीलाई त्रिशूली भन्न थालियो। बुझ्यौ ?" दीपकले भने।

"आहा, कति राम्रो कथा रहेछ।" "साँच्चै अङ्कल यसलाई सिलु पनि भन्छन् हैन र ?" सिर्जनाले सोधिन्।

"हो ! गोसाइँकुण्डलाई नेवारीमा सिलु भनिन्छ।" देवेन्द्रले भने।

"लौ सुन अब। धेरै रात बितिसक्यो" यतिभन्दा भन्दै सबै निदाइसकेका थिए।

"आहा ! कति राम्रो रहेछ कुण्ड त। म त नुहाउँछु है बुबा ?" भोलिपल्ट बिहान सिर्जना नुहाउन तम्सिन्। त्यो दिन जनैपूर्णिमाको दिन थियो। त्यहाँ हरेक वर्ष भदौ महिनामा मेला लाग्छ। अझ टाढा टाढाबाट प्रशस्त मानिसहरू मेला भर्न आउँछन्। सारै घुइँचो हुन्छ। त्यहाँ वैशाख जेठदेखि भदौ असोजसम्म यात्रा गर्न रमाइलो हुन्छ। विदेशी पर्यटकहरू पनि प्रशस्त आउँछन्। अरू बेलामा त हिउँ पर्ने हुँदा त्यहाँ पुग्न गारो हुन्छ।

उनीहरूले हिजोको थकाइ बिर्सिसकेका थिए। बाख्राका पाठापाठी झैँ उफ्रँदै र रमाउँदै गोसाइँकुण्डको सेरोफेरो चहार्न थाले।

"ऊ त्यही हो त्रिशूल गाडेर पानी निस्केको मुहान।" दीपकले देखाए। ठुलठूला ढुङ्गाका कापबाट पानी निस्किरहेको थियो।

"अङ्कल, अरू पनि हेर्ने ठाउँ बाँकी छन् ?" नवीनाले सोधिन्।

"किन नहुनु, थुप्रै छन् नि, यहाँ वरपर सरस्वती, भैरव, गणेश नामका १०८ ओटा जति त कुण्डहरू नै छन्। यहाँबाट एक कोस पर मात्रै अर्को रमाइलो सूर्यकुण्ड पनि छ।"

"जाऔँ न त।" नवीनाले भनिन्।

"अँ जान्छौ, त्यो अप्ठेरो बाटो ! खुट्टी देखेरै चाल पाइयो। हिजो त्यति हिँड्दा त रुँलारुँलाजस्तो गर्‍यौ।"

"अँ अङ्कल पनि ! हामी हिँडेनौ त ? जसरी भए पनि आइपुगिहाल्यौँ।" नवीना र सिर्जनाले भने।

"लौ लौ भैगो, अब फेरि ओरालो झर्नुछ। लौ हिँड बेलैमा ! घर पुगेर क्वाँटी खानुपर्दैन ?" दीपकले क्वाँटी सम्झाइदिए। क्वाँटी सम्झँदै सबै ओरालो झरे।

# क्या रमाइलो ! देवघाट धाम

– शारदा अधिकारी (ढकाल)



"सुनील ! यता आऊ न यता !"

"सुशील ! तिमी पनि आऊ न !"

"सुषमा ! सुनील, सुशील दुवैलाई लिएर आऊ न !"

सुनसान जङ्गलको बिच सडकमा आआफ्नो नाम लिई बोलाएको सुन्दा तिनै जना छक्क परे । दायाँ बायाँ पल्याकपुलुक्क गर्न थाले । डरले तिनै जना एकअर्कामा हेराहेर गर्न थाले । डरले, आश्चर्यले उनीहरूको आँखा ठुल्ठुला हुँदै गए ।

"कसले बोलाएको हँ ?" सुनीलले कानेखुसी गर्‍यो ।

"त्यही त भन्या ! मलाई पनि अचम्म लाग्यो ।" सुशील जिल्ल पर्‍यो ।

"यताउता परसम्म कोही देखिँदैन ! कसले बोलायो त ? मलाई त मान्छेको आवाज जस्तो पनि लाग्दैन ।" सुषमाको कुराले त झन् डर पो थप्यो ।

"कतै भूत त होइन ?" सुनील डरले निलो कालो भयो ।

"दिउँसै पनि भूत आउँछ र ! त्यसमा पनि भूत भन्या त मनको डर मात्रै हो रे ! सरले भन्नुभएको होइन अस्ति ?" सुषमाले सम्झाएपछि सुनीलको अनुहार अलि उज्यालो हुँदै आयो ।

उनीहरू नारायणघाट वरको जङ्गलको बिचबाट उत्तरतिर जाने पक्की सडकमा हिँडिरहेका थिए ।

"ए तिमीहरू आयौ ?" आवाज फेरि आयो ।

यस पटक भने आवाजले झस्काएन । उनीहरूलाई रमाइलो लागेर आयो ।

"हामीहरूलाई बोलाउने को रहेछ, सोधौँ न ।"

"हामी त आइरहेकै छौँ नि, तिमी को हो ? हामीलाई बोलाउने !" सुशीलले साहसका साथ सोध्यो ।

"म तिमीहरूकै सम्पदा त हुँ नि !"

"हाम्रो सम्पदा !" तिनै जना छक्क परेर एकैचोटि कराए ।

"हो ! म तिमीहरूकै सम्पदा हुँ । नेपालीहरूकै सम्पदा त हुँ नि !"

"तिम्रो नाम नै सम्पदा हो त ?" सुषमाले जिल्ल पर्दै सोधी ।

"मेरो वर्ग सम्पदा हो । नदीनाला, पहाड पर्वत, वन जङ्गल, मठ मन्दिर सबै मेरा दिदी बहिनी, दाजुभाइ हुन् । हामी सबै तिमीहरूकै सम्पत्ति त हौँ नि । सम्पत्ति भन्नु र सम्पदा भन्नु एउटै कुरो हो । मेरो नाम चाहिँ देवघाट धाम हो ।

"ए देवघाट धाम !" सबै रमाए ।

"हाम्रो हजुरबुबा नुहाउन आउनुहुन्छ नि ! यहीँ त हो नि ।" सुषमाले कुरो थपिहाली ।

"ए ! थाहा छ तिमीलाई ? राकेशको बाजेबज्यै यहीँ बस्नुहुन्छ नि ।" सुशीलले सुनीललाई सोध्यो ।

"यहाँ बस्ने ठाउँ पनि छ र ?" सुनीलले फेरि प्रश्न नै गर्‍यो ।

"ए ! तिमीहरू सुन्दै हिंड, म भनिहाल्छु नि ! सबै कुरा ।" आवाजले उनीहरूलाई फेरि पछ्यायो ।


"हामीलाई बाटो देखाऊ न त !" तिनै जना एकैचोटि कराए ।

"यताबाट छिरेर गएपछि अलिअलि पश्चिम उत्तर हुँदै जाऊ । त्यसपछि तिमीहरूले नारायणी नदी देख्ने छौ । अनि केही उत्तर लागेर जाऊ । एउटा झुलुङ्गे पुल आउँछ । हल्लिने ! झोलुङ्गे पुल । क्या मज्जा आउँछ, त्यो झोलुङ्गे पुल तर्दा ! तर होस गर्नु नि ! तल नदीमा हेर्‍यो भने त बाफ रे क्या डर लाग्ला तिमीहरूलाई । पानी पनि क्या निलो देखिन्छ भने ... । अनि त्यसपछि चियाखाजा खान मन लागे एक दुइटा पसल पनि छन् तर बासी र झिँगा भन्किएका खानेकुरा नखानु नि ।

"देवघाट" लेखिएको ठुलो सेतो ढोकाले हाँस्दै यी सबै कुरा सुनाइरहेको थियो । उनीहरू दङ्ग पर्दै भित्र पसे । "मलाई अहिले देवघाट धाम भन्छन् ।" देवघाट बोल्दै गयो ।

अहिले मात्र देवघाट धाम भनिएको रहेछ । पहिले के भन्थे होलान् ? सुशीलको मनमा कुरो खेल्न थाल्यो । खुल्दुली सहन सकेन । अनि त सोधिहाल्यो, "पहिले के भन्थे त तिमीलाई ?"

"धेरै पहिले मलाई "सिन्चाङ गढी" पनि भन्थे । त्यतिखेर आफ्नो देशबाहिर जाने व्यक्तिले राजालाई एक माना चामल र एक दाउरा बुझाउनुपर्थ्यो । त्यही थुप्रिएर



यहाँ दाउराको चाङ लाग्थ्यो । मगर भाषामा सिन भनेको दाउरा र चाङ भनेको थुप्रो हो । त्यसैले यस किल्लालाई सिन्चाङ गढी भनिन्थ्यो । कसैले देवघाट बजार पनि भन्थे । वि.स. २०३५ पछि मलाई देवघाट पञ्चायत भन्न थाले । पछि बिस्तारै देवघाट धाम भन्न थाले । हुन त पहिलेदेखि नै देवघाट धाम हुँ । देवताहरूको प्रिय थलो हुँ ।"

देवघाटको उत्तर सुनेर तिनै जना दङ्ग परे । उनीहरूको कुतूहल झन् झन् बढ्दै गयो । के के रहेछन् त यहाँ भनी उनीहरूलाई हेर्न मन लाग्यो ।

"होइन यो कुन जिल्लामा पर्छ ?"

"चितवनमा नै त होला नि ! क्षेत्र त मध्यमाञ्चल हो । अञ्चल नारायणी हो । जिल्ला चितवन नै होला !"

सुनील र सुशीलको प्रश्न उत्तर सुनेर देवघाट धाम मिठो हाँसो हाँस्यो । अनि ऊ भन्न थाल्यो, "म त तनहुँ चितवन र नवलपरासी तिनै जिल्लामा पर्छु नि ! थाहा छैन तिमीहरूलाई ? तिन ओटै जिल्लाले घेरिएको छु नि म त !" उनीहरू छक्क पर्दै हिँडिरहेका थिए । आँखा अगाडि त कलकल नदी पो बगिरहेको छ !

"कुन नदी होला हँ ? कति सफा पानी !" सबैको आँखामा उत्सुकता नाच्न थाल्यो ।

"नारायणी त हो नि ! कालीगण्डकी र त्रिशूली म भएका ठाउँमा आएर मिसिएर नारायणी बनिन् ।" देवघाटले

कुरो बुझ्यो अनि उत्तर दिइहाल्यो ।


"हेर न कस्तो हल्लने पुल ! त्यहाँबाट कहाँ पुग्ने होला ?" सुनील उत्सुक भयो ।

"त्यसलाई झोलुङ्गे पुल भन्छन् । त्यसले चितवन र तनहुँ दुई जिल्लालाई जोडेको छ । त्यो पुल त तर ! अनि देख्ने छौ मेरो जादु !"

"दायाँ पनि नदी, बायाँ पनि नदी, बिचमा बगर, बगरमाथि जङ्गल, जङ्गलमा मन्दिरहरू, आश्रम अनि घरहरू ! कति रमाइलो पो हुँदोरहेछ त ! ए ! हेर त यहाँ मोटर बोट पनि चल्दोरहेछ नि ! ए, ए, त्यो चोसो परेको बगरमा जाऊँ न ! उनीहरू झोलुङ्गे पुल तरेर सरासर बगरतिर लाग्ने बाटो खोज्दै पश्चिम दक्षिणको बाटो लागे ।

बाटामा देखिएका मान्छे, घर देखेर पनि उनीहरू रमाइरहेका थिए ।

"ए सुषमा, हेर त नारायणीको पानी त



एकातिर कालो छ, अर्कोतिर सेतो !"


सुषमा र सुशीलको कुरो सुनी देवघाट दङ्ग पऱ्यो । अनि भन्न थाल्यो, "यो कुरो त तिमीहरूले ठ्याक्कै मिलायौ नि ! यहाँ त माघे सङ्क्रान्तिको दिन ठुलो मेला लाग्छ । ६ वर्षमा अर्धकुम्भ मेला लाग्छ । १२ वर्षमा कुम्भ मेला लाग्छ ।"

"के हो कुम्भ मेला भनेको ?" सुनील जिल्ल पऱ्यो ।

"अर्धकुम्भ मेला भनेको पन्ध्र दिनसम्म लाग्ने मेला हो । कुम्भ मेला भनेको महिना दिनसम्म लाग्ने मेला हो ।" देवघाटले मेलाको अर्थ खुलाइदियो ।

"ए हेर त, अघि हामी आएको बाटो । होइन त्यहाँ त थुप्रै मन्दिरहरू रहेछन् । अघि त मैले देख्दै देख्या थिइन । केका मन्दिर रहेछन् ? तिमीले दैख्या थियौ ?" सुशीलले बगरमा उभिएर पूर्वपट्टि फर्कंदै नदीपारि देखिएका पहेँला, गुलाफी रङ्गका मन्दिर जस्ता देखिने भवनहरू देखाउँदै सोध्यो ।

"त्यो त लक्ष्मीनारायणको मन्दिर हो नि । त्यहाँदेखि अलि तल हेर त, सडकदेखि दक्षिणतिर राम मन्दिर छ, त्यसको लहरै अरू थुप्रै देवायलयहरू छन् । उत्तरतिर शङ्कराचार्यको स्मारक छ । त्यहाँ बिहान बेलुका पूजा आरती भजन हुन्छ ।



यहाँ वृद्धाश्रम धर्मशालामा बस्नेहरू कति रमाइलोसँग भजन गर्छन् ।" देवघाटले नै उत्तर देयो ।

"होइन यहाँ धर्मशाला पनि छ ?" सुनीलले फेरि सोध्यो ।

"यहाँ त धर्मशाला मात्र होइन यहाँ त घरहरू पनि छन् । वेद वेदाङ्ग विद्यालयहरू पनि छन् । पैसा हुनेहरूले त यहाँ कतिले घर बनाइसके" देवघाटले हतारिँदै भन्यो ।

"होइन ती गुलाफी, सेता, पहेँला के हुन् नि हँ ?" बगरबाट दायाँ बायाँ आँखा घुमाउँदै सुषमाले सोधी

"ती मन्दिरहरू धर्मशाला, देवालयहरू हुन् । यहाँ त ठुला साना गरी पचासभन्दा बढी मन्दिर र देवालयहरू छन् । गुफा, कुण्डहरू पनि छन् । वशिष्ठ गुफा, दुर्गा गुफा देख्दा त तिमीहरू झन् दङ्ग पर्छौ । हेर्दै त जाओ !" आवाज आइरह्यो ।

"अरू साँच्चि मलाई त कसैले आदि प्रयाग भन्छन् । कसैले हरिहर क्षेत्र भन्छन्, थाहा छ तिमीहरूलाई ?"

देवघाटको प्रश्नले मन्दिरतिर एकोहोरिएका उनीहरू झस्किए ।

"ए ! किन त्यसो भनेको ? एउटा ठाउँको कति धेरै नाम नि !" सुषमाले सोधिहाली ।

"माघे सङ्क्रान्तिका दिन म कहाँ आएर नुहाउनेले प्रयागमा नुहाएको फल पाउँछन् । यो विश्वास भएकाले मलाई आदि प्रयाग भन्छन् । म कहाँ विष्णु र शिव (हरि र हर) दुवै भगवान्को बास भएकाले मलाई हरिहर क्षेत्र पनि भन्छन् ।" देवघाटले एकैचोटिमा जवाफ दिइहाल्यो ।

उनीहरूले उकालो उक्ली बाटादेखि पश्चिमतिर रहेको ज्योतिर्लिङ्गेश्वर महादेवको दर्शन गरे । त्यहीँ रहेको गलेश्वर बाबाको आश्रम हेरी उनीहरू

उत्तरपूर्व हुँदै हिँडिरहे। बाटाबाटामा देखिएका घर, मन्दिर, आश्रम, यज्ञशाला देखी उनीहरू रमाइरहेका थिए।

पछाडि भित्तामा दुई ओटा नागको चित्र भएको गजुरसहितको भवन देखियो। गुलाफी रङ्गले पोतेको भवनमा सेतो टाउको निकै राम्रो देखियो। यो पनि मन्दिर जस्तो छ, पसौं न भन्दै उनीहरू भित्र पसे।

"तल्लो तलामा पनि देवताहरूको मूर्ति, माथिल्लो तलमा पनि मूर्तिहरू, कस्तो अचम्म !" सुशील छक्क पऱ्यो।

"त्यही त भन्या तल पनि लहरै तिन ओटा ढोकाभित्र देवताका मूर्तिहरू रहेछन्। माथि पनि त्यस्तै रहेछ। देवताका मूर्ति मात्र फरक फरक रहेछन्। राखेको तरिका त एउटै रहेछ नि !" सुनीलले पनि सही थाप्दै व्याख्या गऱ्यो।

"ए बाँदर बाँदर, लौ लौ कालिज, मजुर मजुर सुषमा, सुनील उफ्रँदै कराउन थाले।

"आमै यहाँ त ! कति राम्रा राम्रा जनावर र चराचुरुङ्गी पनि रहेछन्। यो त साँच्चै रमाइलो ठाउँ पो रहेछ त !" सुशील दङ्ग पऱ्यो।

"हो नि त ! मेरो काखमा नदी नाला, वन जङ्गल, मन्दिर, गुम्बा, गुफा, कुण्ड, पशुपक्षी सबैथोक अटाएका छन् अनि त कति विदेशीहरू मलाई भेट्न आइरहन्छन।" देवघाट फुकिँदै आफ्नो बयान गर्न थाल्यो।

"यस्तो रमाइलो ठाउँ हामीले अहिलेसम्म नदेख्या !" सुशील एक छिन त खिन्न पनि भयो।

"होइन तपाईं कहिलेदेखि हुनुहुन्थ्यो हँ ?"

तिमी भन्दै आएकाहरूले तपाइँ भनेको सुन्दा देवघाट दङ्ग पऱ्यो।

"छन त म पहिलेदेखि नै थिएँ नि। भगवान् रामको पालामा पनि यहीं थिएँ। कृष्णको समयमा पनि यहीं नै थिएँ। समयअनुसार नाम फेरिंदै गएकाले नौलो लागेको त हो नि। यस शताब्दीमा भने ९० साल अघिसम्म मान्छेहरू म कहाँ आउनै डराउँथे। मेरो काखमा जङ्गल धेरै बाक्लो थियो। औलोको डरले मान्छे तर्सन्थे। ९७ सालको आसपासमा १००८ गलेश्वर बाबा ईश्वरानन्द ब्रह्मचारी आउनुभयो।

त्यसपछि भने मलाई बिस्तारै चिन्न थाले मानिसहरूले। अहिले त आश्रममा बस्ने साधुहरू त्यत्तिकै छन्। धर्मशालामा बस्ने त्यत्तिकै छन्। दर्शन गर्न आउने त्यत्तिकै छन्। घुम्न आउने त्यत्तिकै छन्। मान्छेको त घुइँचो लाग्न थालिसक्यो। हुन पनि यो त पौराणिक कालदेखि नै प्रसिद्ध ठाउँ हो नि !" देवघाटले रमाउँदै भन्यो।

"मान्छे, जनावर, चराचुरुङ्गी, जङ्गल, नदी, घर, विद्यालय, मन्दिर, गुम्बा, गुफा, कुण्ड सबै एकै ठाउँमा क्या मज्जा !" सबैको मुखबाट एकैचोटि फुस्कियो ।

"ए हामी त निकै वर पो आइसकेछौँ ! हेर त घाम पनि सुनौलो भइसकेछ । अब त रात पर्छ, फर्कौं ।" साँझ पर्न लागेको देखेर सुषमा हड्बडाई ।

"फर्कौं त फर्कौं । भोक पनि निकै लागिसकेछ त !" सुनील पनि हिँड्न तर्खरायो ।


"फेरि फेरि आओ है ! अरू साथीहरूलाई पनि लिएर आओ न अर्कोचोटि म तिमीहरूलाई डुङ्गाबाट पारि जाने बाटो लगिदिउँला । यहाँ अझ कति धेरै रमाइला कुराहरू छन् । ती सबै देखाइदिउँला !" देवघाटले निन्याउरो मुख लाएर भन्यो ।

"हुन्छ । हामी आइहाल्छौँ नि ! हामीलाई तिमीसँग गफ गर्न, तिम्रो काखमा खेल्न अझै रहर छ ।" सुषमाले पनि निन्याउरो मुख पार्दै भनी ।

"चाँडै जाउँला है ?" भनी तिनै जना भरतपुरतिरको बाटो लागे । नयाँ ठाउँ घुमेको जोस घरमा गएर पोखिन हतारियो, अनि त उनीहरू पाइला छिटो छिटो बढाउन थाले ।



# साँच्चै ! स्वर्ग जाने ढोका नै हो स्वर्गद्वारी



आहा ! स्वर्गद्वारी आश्रम कति रमाइलो कति घमाइलो म मक्ख र छक्क परेँ ।

सकिनसकी लेकको बाटो उक्लँदा थकाइ लाग्दो रहेछ । हामी थाकेका छौँ । फ्यात्त झोला मिल्काएर थ्याच्च भुइँमै बस्यौँ । स्वर्गद्वारीको चिसो हावाले थकाइ कता भगायो कता ! स्वर्ग जाने ढोका (स्वर्गद्वार) जस्तै पो रहेछ स्वर्गद्वारी ।

हामी हिजो महेन्द्र राजमार्गको भालुवाङबाट मोटरमा चढ्यौँ । हामीलाई प्युठानको भिङ्गी बजार पुग्नु थियो । भिङ्गी बजार माडी (माण्डवी) नदीको किनारमा रहेछ । हामी त्यहाँ बसेर बिहान सकिनसकी उकालो लाग्यौँ ।

करिब २१२२ मिटर (६९६० फिट) अग्लो लेक उक्लनु सजिलो थिएन । हामीलाई त्यहाँ पुग्न पसिना चुहाउनै पऱ्यो । राप्ती अञ्चलको त्यो अनकन्टार लेकमा पुग्न मोटर बाटाको सुविधा थिएन । अहिले त्यहाँ पुग्न धेरै सजिलो भएको रहेछ । भिङ्गी बजारबाट तिन घण्टाजति मात्र पैदलै उकालो लाग्नुपर्दोरहेछ ।

हामी प्रवेशद्वारबाट भित्र पस्यौँ । स्वर्गद्वारीले हामीलाई शङ्खको मीठो आवाजले स्वागत गऱ्यो । सामुन्ने प्रभु गुफा देखा पऱ्यो । त्यो महाप्रभुको समाधि स्थल रहेछ । त्यहाँ पनि हामीले शिवलिङ्ग र महाप्रभुका गुरु सच्चिदानन्दको समाधि पनि देख्यौँ ।

त्यस गुफासँगैको धर्मशालामा बाइस जना ब्राह्मणले रुद्री पाठ गरिरहेका थिए । सारै रमाइलो लाग्यो । हामी पनि एकछिन त्यहीँ अल्मलियौँ ।

त्यसपछि हामी कोठारी महाराज (महन्त) बस्ने घरतर्फ लाग्यौँ । महन्त शान्त स्वभावका हुनुहुँदो रहेछ । उहाँसँग कुराकानी भयो । उहाँले गाँसबासको व्यवस्था गरिदिनुभयो । हामीलाई हाइसन्चो भयो ।

हामीले त्यहाँका भण्डार घर, पुस्तकालय, भिक्षु, सन्यासीहरू बस्ने कुटीहरू, पुजारी र छात्रहरू बस्ने घरहरू पनि एक एक गरी घुम्यौँ । एक छेउमा वेदाश्रम पनि देखियो । त्यहाँ ब्राह्मण वटुकहरूलाई वेद पढाउने गरिँदो रहेछ ।



गौशालाहरूमा एक सयभन्दा बढी गाईवस्तु पालिएका रहेछन् । चउरभरि गाईवस्तु चरिरहेका देखिन्थे । केही आकासे पानी जम्मा गरेर बनाएको पोखरीमा पानी खाइरहेका थिए । एकछिन गाईवस्तु चरिरहेको हेरिरह्यौँ । कृष्ण भगवान् यतै मुरली बजाएर गाई चराइरहेका छन् कि जस्तो लागिरह्यो । गोबर नै गोबरको थुप्रो लगाएर बनाएको गोवर्धन पर्वत देखियो । त्यहाँ तिहारमा ठुलो पूजा हुँदो रहेछ ।

घुम्दै फिर्दै हामी यज्ञशाला पुगे छौँ । छानेशैलीको आठ कुना भएको यो यज्ञशाला हेर्दै राम्रो छ । यसका नौ ओटा कोठामध्ये माझको ठुलो यज्ञ कुण्डमा आगो बलेको देखियो । मुख्य पूजा र होम (हवन) भइरहेको रहेछ । यहाँ हरेक दिन वेदपाठ र यज्ञ (होम) गरिन्छ । वि.स. १९५२ नै त्यहाँ आगो निभेको रहेनछ ।

यज्ञशालामा विभिन्न आठ पाञ्चायन छन् । एउटा मूल पाञ्चायन यहाँको गद्दी रहेछ । हामीले गणेश, शिव, देवी, सूर्य, विष्णु आदि अन्य पाञ्चायनहरूको पनि दर्शन गर्‍यौँ । सबै पाञ्चायनमा अखण्ड दीप (कहिल्यै ननिभ्ने बत्ती) बालिएको छ । त्यहाँ भागवत, रुद्री, वेद, चण्डी, देवी भागवत बेग्ला बेग्लै पाठ गरिरहेका भेट्यौँ । म त साँच्चै तपोभूमि र देवभूमिमै पुगेको अनुभव गर्न पुगेछु ।

"अनकन्टार ठाउँमा यस्तो पवित्र भूमि !" म त छक्क परेँ ।

"मानिसहरू स्वर्गलाई दुखसुख केही नभएको ठाउँ ठान्छन् । त्यसैले आफू मरेपछि स्वर्ग पुग्ने इच्छा गर्छन् । त्यस्तै इच्छा राखेर परापूर्व कालमा सोर जना ऋषिहरू यहाँ आएर तपस्या गरेका थिए रे । त्यसै बेलादेखि यो लेक स्वर्गद्वारी (स्वर्ग जाने ढोका) को नामले प्रख्यात भएको हो ।" पुजारी हरिहर रिजालले भन्नुभयो । हामी उहाँको कुरा ध्यान दिएर सुन्न थाल्यौँ ।

"त्यसपछि यो भूमि धेरै वर्षसम्म ओझेलमा पर्‍यो । घना वन जङ्गलले ढाकियो । नजिकैका गाउँलेहरूको गाईवस्तु चराउने ठाउँ बन्यो । धेरै वर्षपछि एक जना महात्मा यो पवित्र भूमिमा फेरि आइ बसे । उनैले वि.स. १९५१ आश्रम बनाएका हुन् ।"

"ती महात्माको नाम स्वामी हंसानन्द

गिरी हो । हामी उहाँलाई महाप्रभु भन्छौँ । सन्यासी बन्नुभन्दा पहिले उहाँको नाम नारायण गौतम थियो । वि.स. १९१६ साउनमा रुम्टी भन्ने गाउँमा उहाँको जन्म भएको थियो । सानै उमेरदेखि कुष्टरोग लागेकाले उहाँले सारै दुख पाउनुभयो । त्यति बेला कुष्टरोगलाई महारोग मानिन्थ्यो । (तर हाल यो रोगलाई महारोग मान्दैनन्) । महारोगीलाई सबैले घृणा गर्थे । उहाँसँग खेल्न कोही रुचाउँदैनथे । घरका परिवारले पनि कुनै वास्ता गर्दैनथे । उहाँ सधैँ एक्लै पर्नुहुन्थ्यो अनि सधैँ केही न केही सोचिरहनु हुन्थ्यो । कल्पना गरिरहनुहुन्थ्यो । उहाँ पाँच छ वर्षको उमेरमै बाल तपस्वीका रूपमा गुप्तवास पनि बस्नुभयो । छब्बिस वर्षको उमेरमा उहाँले सन्न्यास लिनुभयो ।" पुजारी रिजालको कुरा सुन्दा सुन्दै दिन ढल्किसकेछ । हामी सबैले जाडोको अनुभव गर्‍यौँ ।

"जाऔँ आगो ताप्न ऊ पर धुनी जगाइएको छ ।" उहाँले भन्नुभयो । आगो ताप्दै उहाँले फेरि भन्न थाल्नुभयो, "स्वामी बनेपछि उहाँले गाउँघरमै विभिन्न पूजापाठ गर्नु गराउनुभयो । अखण्ड यज्ञ पनि ठाउँ ठाउँमा गर्दै हिँड्नुभयो । उहाँले वि.स. १९५१ मा त गाउँघर नै छोड्नुभयो । अनि यहाँ आएर केही समय उहाँ एउटा रुखको फेदमा बस्नुभयो । त्यसपछि केही समय गुफा (ओडार) मा बसेर उहाँले साधना गर्नुभयो ।"

"उहाँले यहाँ यज्ञ गर्न खोज्नुहुँदा गोठालाहरूले विरोध पनि गरे । यज्ञ गर्न पनि दिएनन् ।" उहाँले गोठालाहरूलाई सम्झाउनुभयो, यो पुण्यभूमि हो भनेर ।

"गोठालाहरूले त्यहाँ खनेर हेर्दा डढेको माटो, र यज्ञ गरेको खरानी फेला पर्‍यो । गोठालाहरूले पनि चित्त बुझाए । अनि स्वामी हंसानन्दले महायज्ञ थाल्नुभयो । वरपरका गाउँलेहरूले पनि यज्ञमा भाग लिए । बिस्तारै बिस्तारै त्यहाँ आश्रम बन्न थाल्यो । उहाँले वेद, पुराण आदि ग्रन्थहरूको खुब अध्ययन गर्न थाल्नुभयो । उहाँको कुष्ठरोग पनि निको हुँदै गयो । उहाँको ख्याति बढ्दै गयो । उहाँ दीन दुखी, गरिब गुरुवालाई ज्यादै माया गर्नुहुन्थ्यो । सबै प्राणीको कल्याण चाहनुहुन्थ्यो । त्यसैले उहाँको दर्शन गर्न मानिसहरू आउन थाले । पछि उहाँ श्री १०८ महाप्रभुको नामले प्रख्यात हुनुभयो ।"

"महाप्रभुले स्वर्गद्वारीमा धेरै व्यवस्था मिलाउनुभयो । जग्गा जमिन जोड्नुभयो । पूजापाठ विधि बनाउनुभयो । पाहुनाहरूको खाने बस्ने व्यवस्था पनि मिलाउनुभयो । व्यवस्था मिलाउँदा मिलाउँदै महाप्रभुको

वि.स. १९९७ मङ्सिरमा स्वर्गारोहरण भयो।"

"त्यसपछि कसरी व्यवस्था मिलाइयो त ?" हामीले सोध्यौँ।

"उहाँका शिष्य पं. ब्रह्मचारी पदमराज उपाध्याय हुनुहुन्थ्यो। उहाँले वि.स. २००४ मा महाप्रभुको समाधि र शिवालय बनाउनुभयो अनि आश्रमको व्यवस्था पनि राम्रोसँग मिलाउनुभयो। अहिले हामीहरू त्यही विधि र नियमअनुसार काम गर्दै छौँ।" पुजारी रिजालले धेरै कुराको जानकारी दिनुभयो।



"अहो ! साँझको आरती गर्ने बेला भएछ। जाऔँ हिँड्नुहोस्।" पुजारी रिजाल अघि अघि लाग्नुभयो। साँझको आरती ज्यादै राम्रो र रमाइलो हुँदो रहेछ। सबै पुजारीहरू मिलेर भजन चुट्कामा नाचगान पनि गर्दा रहेछन्। राती हामीले पाहुना घरमा आराम गर्‍यौँ।

भोलिपल्ट आश्रमको मूलद्वारको ताम्रपत्र पढेर धित मार्‍यौँ।

आहा ! स्वर्गद्वारी आश्रम ! हामी देशको एउटा अमूल्य सम्पदालाई सम्झँदै ओरालो झर्न थाल्यौँ।

साँच्चै ! स्वर्गद्वारी स्वर्ग जाने ढोका नै हो त ? खै कुन्नि ! म यस्तै रनभुल्लमा परेर पाइला चालिरहेको थिएँ।

# बाइस पाटन त्रिपन्न तालको खप्तड



“मामा ! तपाईं खप्तड जानुभएको छ ?” फुच्चे समनले सोध्यो ।

“एक पटक गएको थिएँ । तिमी गएका छौ त ?”

“गएको छु । अस्ति मात्रै त हो नि ! बुबासँग गएको । क्या मज्जा आयो ।” उसले फूर्तिसाथ भन्यो ।

“कस्तो लाग्यो त ?”

“सारै राम्रो ! जताततै निगालै निगालो । झ्याङै झ्याङ । रुखै रुख । वनभरि फुलैफुल । ढकमक्कै फुलेका थिए ।” उसले खुसी हुँदै भन्यो ।

“त्यति मात्रै ?” मैले फेरि सोधेँ ।

“काँ त्यति मात्रै ! कस्तो ठाउँ छ त्यहाँ ठुला ठुला चउर छन् । ताल छ । राम्रा राम्रा मन्दिर छन् । त्यहाँ त बाघभालु पनि छन् रे । खरायो र मृग त मैले पनि देखेँ ।” उसले आँखा नचाउँदै भन्यो ।

“हो र ! मैले अचम्म मान्दै भनेँ ।

“होइन त ? बाइस पाटन त्रिपन्न तालको लेक भन्छन् नि त त्यसलाई ! त्यहाँ कत्रा कत्रा पाटनहरू (सम्म मैदान) छन् । तालहरू छन् ।” उसले आफ्नो कुरामा जोड दियो ।

हो त, खप्तड सारै राम्रो ठाउँ हो । ज्यादै पुरानो र पवित्र तीर्थस्थल पनि हो । खप्तड बाबाले पनि यस क्षेत्रलाई महाभारत कालको प्राचीन अवशेष भन्नुभएथ्यो । मलाई थाहा छ खप्तड डोटी जिल्लामा पर्छ । सेती अञ्चलको एउटा रमाइलो जिल्ला हो डोटी । खप्तड लेकले डोटीलाई आछाम, बाजुरा र बझाङ जिल्लालाई जोडेको छ । त्यहाँ एउटा राष्ट्रिय निकुञ्ज पनि छ ।

“मामा ! मामा ! के सोच्नुभएको ?” समनले घच्घच्यायो ।

“हँ ! म त खप्तड लेकमै घुम्न पुगेछु ।



अहा ! त्यहाँ हिउँ परेर जताततै सेताम्मे भएको रहेछ । रुखरुखमा कपास फुलेको जस्तो लाग्थ्यो । म त त्यहीँ अल्मलिएछु ।" मैले भनेँ ।

"हामी जाँदा त हिउँ थिएन नि ! बरु जताततै रङ्गीचङ्गी फुल र जडीबुटी फुलेको देखेको थिएँ ।" उसले मेरो कुरा पत्याएन ।

"हो त, गर्मी समयमा राम्रा राम्रा फुलहरू फुल्छन् नि ! हिउँदमा त्यहाँ हिउँ पर्छ त ! तिमीहरू गर्मी महिनामा गएका होउला, कसो ?

"हो ! हो मामा ! हामी वैशाखमै गएका हौँ ।" समनले स्वीकाऱ्यो ।

"त्यो लेक तेर हजार फिटभन्दा अग्लो छ । यसलाई पहिले खेचराद्री पर्वत भनिन्थ्यो । यहाँ सुरुमा हेप्ताली भनिने मानिसहरू बस्थे । पछि तिनीहरू खप्तडेली भनिन थाले । खप्तडेलीहरू बस्ने ठाउँ खप्तड भयो । हैन त समन ? बुबाले भन्नुभएन यो कुरा ?"

"खै ! बिर्सें" उसले टाउको हल्लायो । "बरु मामा ! त्रिवेणी भन्ने ठाउँ मलाई त मन पऱ्यो । कलकलाउँदा तिन ओटा नदीहरू मिसिएका रहेछन् । स्वर्णगङ्गा, नीलगङ्गा र आकास गङ्गा भन्दा रहेछन् । त्यति अग्लो ठाउँमा पनि पानी बगेको देख्दा त छक्कै परेँ । काठमाडौँमा त्यस्तो पानी भएको भए त क्या मज्जा हुन्थ्यो" उसले मन खिस्रिक्क पाऱ्यो ।

"तिमी केदार पाटन पनि गयौ ?" मैले सम्झँदै सोधेँ ।

"खै ! कुन्नि ! जान त धेरै ठाउँमा गएका हौँ ।" उसले अन्कनाउँदै भन्यो ।

"केदार पाटन ठुलो मैदानी भाग हो नि ! त्यो दस हजार फिटको उचाइमा छ । यहाँ प्रसिद्ध खप्तड मेला पनि लाग्ने गर्छ । दसहराको दिनमा हजारौँ मानिसहरू मेला भर्न आउँछन् । रातभर रमाइलो गर्छन् । देउडा खेल्छन् ।



"देउडा खेल पश्चिम नेपालको मुख्य लोकनाच हो । नाचलाई नै त्यहाँ खेल भन्छन् । यसमा पुरुष र महिला मिलेर गीत गाएर नाच्ने गर्छन् । अहा ! रमाइलो पो हुन्छ ।" मैले भनेँ ।

"साँच्चै मामा ? हामीले त हेर्नै पाएनौँ ।" उसले गुनासो पोख्यो ।

"त्यस्तो खेल हेर्न त मेलामा जानुपर्छ, अनि पो हेर्न पाइन्छ त । जे होस् । खप्तड ताल त देख्यौ नि ?"

"हो, देखेँ । त्यो त बार हजार फिटभन्दा अग्लो ठाउँमा रहेछ । यसलाई खपारे दह पनि भनिँदो रहेछ । हगि मामा ?" उसले सम्झँदै भन्यो ।

"खपारे दहकै छेउमा खपारे मस्टोको पुरानो मन्दिर र होमकुण्ड छ । त्यो पनि देख्यौ हैन त ?" मैले उसलाई सम्झन सजिलो पारिदिएँ ।

"हो त, देखेँ । दर्शन पनि गरेँ । बुबा भन्नुहुन्थ्यो, खपारे मस्टो यहाँको मुख्य देवता हो । त्यहाँ धामी पनि चढ्छ रे । साँच्चै धामी चढ्नु भनेको के होला ?" उसले जिज्ञासा पोख्यो ।

"धामी चढ्नु भनेको देवता चढ्नु हो । त्यस बेला धामीलाई नै देवता मान्ने गर्छन् ।" उसले टाउको हल्लायो ।

"साँच्चै समन तिमीलाई बुबाले सहस्रलिङ्ग पनि लानुभयो होला नि ! कि लानुभएन ?" मैले पुलुक्क उसलाई हेरेँ ।

"किन नलानु, लानुभएको थियो । खप्तड ताल र खपारेमाडौँ भन्दा केही माथि रहेछ ढुङ्गाका ठुला ठुला ओडारहरू



देख्दा त छक्कै परेँ । बा ! बा ! बा ! कत्रा कत्रा ढुङ्गा । तिनै ढुङ्गाका बिचमा पो रहेछ सहस्रलिङ्ग ।" ऊ सारै उत्सुक देखिन्थ्यो ।

"सहस्रलिङ्ग रमाइलो र अनौठो ठाउँ हैन त ?" मैले सोधेँ ।

"अहा ! सारै राम्रो छ । ठुला ठुला ढुङ्गा माझको गहिरो खाडल नाघेर सहस्रलिङ्ग जाँदा त डर पनि लाग्यो । खस्ला खस्लाजस्तो गरी बल्लबल्ल पारी पुग्यौँ । त्यहाँ साना ठुला पत्रे ढुङ्गाहरू उभिएका जस्ता पो थिए त !" समन तिन छक परिरह्यो ।

"त्यहाँ एउटा अर्को खाडल पनि छ देख्यौ ?" मैले सम्झाएँ ।

"हो ! हो ! त्यस खाडलको छेउमा एउटा

टुप्पामा प्वाल भएको ढुङ्गा पनि रहेछ । मानिसहरू वल्लो छेउबाट पल्लो छेउमा पैसा फालेर त्यो प्वालमा छिराउन खोज्दा रहेछन् होला त मामा ?" उसले अचम्म मान्दै सोध्यो ।

"खै ! कुन्नि ! मलाई त विश्वास लाग्दैन । मैले भनें ।

"मामा ! मामा ! हामी त सिद्धाश्रम पनि पुग्यौँ नि । खप्तड बाबाको आश्रम हो रे । सिद्धशिखर भनिँदो रहेछ तर बाबालाई मैले भेट्न पाइनँ ।" समनले खप्तड बाबालाई पनि सम्झ्यो ।

"किन भेट्थ्यौ त ! उहाँ त २०५३ सालमा परलोक भइसक्नुभएको थियो ।" म खप्तड बाबालाई झलझल्ती सम्झन्छु । उहाँको नाम श्री परमहंस स्वामी सच्चिदानन्द सरस्वती हो । उहाँले यहाँ योग, साधना र तपस्या गर्नुभयो । एउटा जडीबुटी उद्यानको स्थापना पनि गर्नुभयो ।

अहा ! उहाँको सरल जीवन ! सधैँ ज्ञानगुनका कुरा सुनाइरहनुहुन्थ्यो । जडीबुटीको गुन बताउनुहुन्थ्यो । उहाँले विचार विज्ञान र स्वास्थ्य विज्ञानजस्ता उपयोगी पुस्तक पनि लेख्नुभएको छ । खप्तडलाई तपोभूमि, पुण्यभूमि, र देवभूमिका रूपमा चिनाउनुभएकाले उहाँ खप्तड बाबाको नामले चिनिनुभयो । तिमीले त भेट्न पाएनछौ हगि बिचरा !" म चकचकाएँ ।

"मामा ! घोडा दाउने पाटन पनि ठुलो रहेछ हगि !" समनले फेरि अर्को ठाउँ सम्झियो ।

"हो त ! खप्तडका पाटनहरूमध्ये घोडा दाउने पाटन पनि प्रसिद्ध छ । पहिले बझाङ्गी र डोटेली राजाहरूका घोडाहरू सधाउने (दाउने) हुनाले घोडा दाउने पाटन भनियो रे ।" मैले भनें ।

"खप्तड क्षेत्र मलाई त रमाइलो लाग्यो । प्राकृतिक दृश्य पनि सारै राम्रो । धार्मिक स्थल पनि रमाइला छन् । त्यसैले होला हगि मामा ! खप्तड क्षेत्र देशकै सम्पदा बन्नपुगेको ?" समनले ठिक भन्यो ।